# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
महादेवस्थान
**Mahadevsthan**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince,
Nepal


पत्र संख्या :- २०७८।७९
चलानी नं.: १०

मिति :२०७८/०४/०३

विषय : विद्यालयको पठनपाठन सम्वन्धमा ।

श्री सबै विद्यालयहरु
मण्डनदेउपुर नगरपालिका, काभ्रे ।

उर्पयुक्त सम्वन्धमा मिति २०७८।०३।०८ को नगर शिक्षा समिति तथा मिति २०७८।०३।०९ को नगर कार्यपालिकाको वैठकको निर्णयानुसार मिति २०७८।०४।०३ गतेदेखि शैक्षिक सत्र २०७८ को पठनपाठन तपसिल बमोजिम सञ्चालन तथा व्यवस्थापन गर्नु गराउन हुन सवै विद्यालयहरुलाई जानकारी गराइन्छ ।

तपसिल

१. प्रत्येक विद्यालयहरुले नगरपालिकाबाट जारी गरिएको मिति २०७८।०३।१३ गतेको पत्रानुसार नै पठनपाठनका क्रियाकलाप अगाडि बढाउने ।

२.नगरपालिकाबाट अर्को सूचना जारी नभएसम्मका लागि विद्यालयको भौतिक अवस्थाको आधारमा सिफ्ट सिफ्ट गरी कक्षा १-३, ३-५, ५-८, ९-१०, ११-१२ वा विद्यालयको परिवेशलाई ध्यान दिई पठनपाठन सञ्चालन गर्ने गराउने ।

३. शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका न्यूनतम मापदण्ड अपनाई भौतिक दुरी कायम गरी पठनपाठनको व्यवस्था मिलाउने ।

४.आवश्यकता अनुसार शिक्षण सिकाइका अन्य वैकल्पिक उपायहरुलाई समेत जोड दिई पठनपाठनका क्रियाकलाप अघि बढाउने ।

५.कोरोना संक्रमण देखिएमा तत्काल विद्यालयको पठनपाठन स्थगित गर्ने गराउने ।

............ २०७८।०४।०३

( लोकेन्द्र बहादुर विष्ट)
अधिकृत सातौं
लोकेन्द्र बहादुर विष्ट
अधिकृत सातौं

बोधार्थ

श्री सबै वडा कार्यालयहरु, मण्डनदेउपुर न.पा. ( आवश्यक समन्वय गर्नु हुन) ।
श्री सूचना तथा प्रविधि शाखा, मण्डनदेउपुर न.पा. ( सूचना अपलोड गर्नु हुन ) ।